"सबैका लागि समान मानवअधिकार र आत्मसम्मान : हाम्रो साझा अभियान"

समग्र जन-उत्थान केन्द्र

All People's Development Center (APEC)

जि.प्र.का.लहान द.नं.२९/०५९ | स.क.प.द.नं. १३६५० | पान नं. ३०१६२२९८८

चलानी नं.: ८४/२०८२/८३ | मिति: २०८३/३/१९

# समुदायिक सहजकर्ता छनोट सम्बन्धी सूचना

## उज्ज्वल भविष्य परियोजना

प्लान इन्टरनेशनल नेपालको साझेदारी तथा समग्र जन-उत्थान केन्द्र, लहानद्वारा सञ्चालित उज्ज्वल भविष्य परियोजनाले सिराहा जिल्लाको अर्नमा गाउँपालिका र औरही गाउँपालिका मा बालविवाह, चाँडो तथा जबरजस्ती विवाह लगायतका हानिकारक सामाजिक अभ्यास न्यूनीकरण गर्न समुदायस्तरमा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

यस परियोजना अन्तर्गत अभिभावक, समुदाय तथा धार्मिक अगुवाहरूसँग संवाद तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नका लागि १० (दश) जना सामुदायिक सहजकर्ता (प्रत्येक वडाबाट १ जना) छनोट गरिने भएकाले इच्छुक तथा योग्य स्थानीय युवायुवतीहरूबाट आवेदन आह्वान गरिन्छ।

**आवश्यक योग्यता**

- ✓ न्यूनतम १२ कक्षा उतीर्ण।
- ✓ उमेर १९ देखि ३० वर्ष
- ✓ सम्बन्धित वडाको स्थायी बासिन्दा।
- ✓ बाल समूहका पूर्व सदस्यलाई प्राथमिकता।
- ✓ सामुदायिक सहजीकरण वा सामाजिक क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव।
- ✓ बालअधिकार तथा बाल संरक्षणप्रति सचेत र संवेदनशील।
- ✓ कुनै राजनीतिक दल वा संगठनको सक्रिय जिम्मेवारीमा नरहेको।
- ✓ फौजदारी अपराधमा संलग्न नभएको।

**मुख्य जिम्मेवारी**

- ✓ अभिभावक, किशोरकिशोरी तथा समुदायबीच संवाद तथा अन्तरपुस्ता छलफल सञ्चालन गर्ने।
- ✓ सकारात्मक अभिभावकत्व सम्बन्धी सत्र सहजीकरण गर्ने।
- ✓ बालविवाह, चाँडो तथा जबरजस्ती विवाहका कारण, असर तथा कानुनी व्यवस्थाबारे सचेतना फैलाउने।
- ✓ जोखिममा रहेका किशोरकिशोरीलाई आवश्यक सेवासँग जोड्न सहयोग गर्ने।
- ✓ सञ्चालन गरिएका कार्यक्रमहरूको प्रतिवेदन समयमै पेश गर्ने।

**सेवा सुविधा**

छनोट भएका सहजकर्तालाई ३ दिने क्षमता विकास तालिम प्रदान गरिनेछ।

प्रत्येक सत्र सञ्चालन गरेबापत रु. १,५००/- पारिश्रमिक उपलब्ध गराइनेछ।

परियोजना अवधिमा प्रत्येक सहजकर्ताले कम्तीमा ३२ वटा सत्र सञ्चालन गर्ने अवसर प्राप्त गर्नेछन्।

Lahan Municipality-6, Radhakrishna Chowk (Nayabazar) Siraha
samagra.rights@gmail.com
www.samagranepal.org, www.radiosamagra.org
033-563012

CamScanner

**आवश्यक कागजात**

- ✓ निवेदन
- ✓ व्यक्तिगत विवरण (CV/Bio-data)
- ✓ नेपाली नागरिकताको प्रतिलिपि
- ✓ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- ✓ अनुभव प्रमाणपत्र (भएमा)
- ✓ सम्बन्धित वडाको सिफारिस पत्र

**आवेदन दिने अन्तिम मिति**
**अषाढ २६, २०८३**

**आवेदन बुझाउने स्थान**
समग्र जन-उत्थान केन्द्र (APEC), लहान, सिराहा
**अथवा**
सम्बन्धित गाउँपालिकाको कार्यालय

**थप जानकारी**
सम्पर्क नं.: ९८६७९८३३१०, ९८६७९८३३१०
इमेल: **hrunit.samagralahan@gmail.com**

**नोट: महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा सिमान्तकृत समुदायका योग्य उम्मेदवारहरूलाई आवेदन दिन विशेष प्रोत्साहन गरिन्छ।**



CamScanner